# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असोज ४ गते २०५५ साल (अतिरिक्ताङ्क ४२ (ग)


## भाग ३

### श्री ५ को सरकार
### पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले होटेल, लज, रेष्टरा, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ को नियम ५ को उप-नियम (२) ले दिएको अधिकार प्रयोग गरी एकतारे देखि पाँचतारे सम्मका होटेल र पर्यटक आवास (रिसोर्ट) का सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गरेको छ :-

<u>तपशिल</u>

(१) कुनै पनि स्तरको तारे होटेल तथा पर्यटक आवास (रिसोर्ट) पर्यटन विभागमा दर्ता हुनु पर्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) एकतारे देखि पाँचतारे सम्मको होटेलहरुको वर्गीकरण अनुसूची - १ देखि अनुसूची - ५ मा उल्लिखित सुविधाको आधारमा गरिने छ ।

(३) पर्यटक आवास (रिसोर्ट) हरुको वर्गीकरण अनुसूची ४,५ र ६ सम्मका सुविधाको आधारमा गरिनेछ ।

(४) दफा २ र ३ बमोजिमका वर्गीकरणमा परेका होटेल तथा पर्यटक आवास (रिसोर्ट) ले उपलब्ध गराएको सुविधा प्रत्येक पाँच वर्षमा पर्यटन विभागबाट जाँच गराई नविकरण गराउनु पर्ने छ ।

(५) यो सूचना लागू हुनु भन्दा अगाडि स्तर वर्गीकरण भईसकेका होटेलहरु यसै आदेश बमोजिम वर्गीकरण भएको मानिने छ ।

तर त्यस्ता होटेलहरुले क्रमशः संलग्न अनुसूची बमोजिमका सुविधाहरु उपलव्ध गराउनु पर्ने छ ।

खण्ड ३४, संख्या १८, मिति २०४१।४।२९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १

### एकतारे स्तरको होटेलमा हुनु पर्ने सुविधाहरु :

१. स्थान र भौतिक सुविधा

क. ल्याण्डस्केपिङ्ग **(Landscaping)**

(१) उपयुक्त तरिकाले बारिएको, डुल्ने तथा बस्ने व्यवस्था भएको चौर, बगैंचा हुनु पर्ने छ ।

(२) उपखण्ड (१) बमोजिमको स्थानमा नियमित रुपमा लामखुट्टे तथा अन्य कीटपतङ्ग नियन्त्रण गर्ने व्यवस्था हुनु पर्ने छ ।

ख. वास्तु आकृति (**Architecture**)

सम्भवतः परम्परागत शैलीमा निर्माण भएको हुनु पर्ने छ ।

ग. भवन निर्माण

(१) भवन वर्षा तथा हुरी बतासबाट सुरक्षित हुनु पर्ने छ ।

(२) कीरा मूसा आदिबाट सुरक्षित हुनु पर्ने छ ।

(३) भवन पूर्ण सुरक्षित र उपयुक्त रुपले सभार भएको हुनु पर्ने छ ।

(४) काठका सबै बनोटहरु ट्रिटमेण्ट तथा उचित संभार भएको हुनु पर्नेछ । प्रत्येक कोठाहरु हावा आवागमन (भेन्टिलेशन) को लागि प्राकृतिक एवं यान्त्रिक रुपमा व्यवस्था भएको हुनु पर्ने छ ।

(५) सबै कोठाहरुमा नाम वा नम्बर लेखिएको हुनु पर्ने छ ।

(६) सजावटका सबै सामान जस्तै- पर्दा, कार्पेट राम्रो र स्तरयुक्त हुनु पर्ने छ ।

घ. प्रवेश र पार्किङ्ग

८८२

उपयुक्त स्थानमा पार्किङ्गको व्यवस्था हुनु पर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

ङ **अन्य कुराहरु**

(१) होटेलको नाम अँग्रेजी र नेपालीमा लेखिएको हुनु पर्ने छ ।
(२) सम्बन्धित निकायमा होटेलको नाम दर्ता भएको कुरा प्रदर्शन गर्नु पर्ने छ ।
(३) होटेल हाता भित्र सबैले देख्ने गरी दिशा बोध हुने होटेलको आन्तरिक नक्सा राख्नु पर्ने छ ।
(४) सुरक्षित तरिकाले घेरिएको तथा द्वारको व्यवस्था हुनु पर्ने छ ।
(५) होटेल बलियो धरातलमा अवस्थित हुनु पर्ने र वर्षा तथा बाढीबाट सुरक्षित हुनु पर्ने छ ।

२. **पब्लिक एरिया (Public Area)**

क **लबि (LOBBY)**
(१) बस्नका लागि पर्याप्त मेचहरु हुनु पर्ने छ ।
(२) दैनिक पत्र पत्रिकाहरु उपलब्ध हुनु पर्ने छ ।
(३) स्थानीय पर्यटनमूलक सूचना सहितका पुस्तिका रहने र्‍याक वा स्ट्याण्ड हुनु पर्ने छ ।
(४) हुलाक टिकट तथा हुलाक सेवाको व्यवस्था हुनं पर्ने छ ।
(५) कलम तथा लेख्ने कागज उपलब्ध हुनु पर्ने छ ।
(६) भुइँमा टायल वा कार्पेट बिछ्याइएको हुनु पर्ने ।
(७) बेल ब्वाइको प्रवन्ध भएको हुनु पर्ने छ ।
(८) किफायती कलाकृतिले सजाइएको हुनु पर्ने छ ।
(९) भुक्तानी तरिका देखिने गरी राख्नु पर्ने छ ।
(१०) दैनिक विनिमय दरको सूची देखिने गरी राख्नु पर्ने छ ।
(११) प्रश्नावली/शिकायत आदिको लागि एक मञ्जूषा (**RETURN - BOX**) हुनु पर्ने छ ।

ख **फ्रन्ट अफिस (Front Office)**

(१) फ्रन्ट अफिसका कर्मचारी पोशाक (**UNIFORM**) मा सफा र राम्रो हालतमा हुनु पर्ने छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बिहान ६:०० बजे देखि राती १०:०० बजे सम्म रिसेप्सनिष्ट (**RECEPTIONIST**) कार्यरत हुनु पर्ने छ ।

(३) सामान भएका अतिथिको सहयोगको लागि भरियाको व्यवस्था हुनु पर्ने छ ।

(४) फ्रन्ट अफिसका सबै कर्मचारीहरु तालिम प्राप्त हुनु पर्ने छ ।

ग. फर्निचर र सजावट

फर्निचर र सजावट स्तरयुक्त र राम्रो हालतमा रहेको हुनु पर्ने छ ।

घ. कोरिडोर तथा भुइँको सजावट

(१) बाहिरी कोरिडोर सिमेन्ट वा अरु किसिमले फिनिसिङ्ग गरिएको वा सजिएको हुनु पर्ने छ ।

(२) सबै कोरिडोर, भऱ्याङ्ग, र लिफ्टमा आपतकालीन बत्तीको व्यवस्था हुनु पर्ने छ ।

(३) भित्ता र छतमा रँग रोगन हुनु पर्ने छ ।

(४) कोरिडोर र भऱ्याङ्गको चौडा कम्तीमा १.५ मिटर हुनु पर्ने छ ।

(५) प्रत्येक तलामा दिशा निर्देश गर्ने सूचना राखिएको हुनु पर्ने छ ।

ङ विद्युत व्यवस्था

(१) २२० V/५० AC सर्किट ब्रेकर **(CIRCUIT BREAKER)** सहित थ्री फेज लाइन हुनु पर्ने छ ।

(२) होटेल भित्र बाहिर प्रशस्त प्रकाश दिने खालका बत्ती जडान भएको हुनु पर्ने छ ।

(३) सबै विद्युत जडान कार्य प्रमाण पत्र प्राप्त इलेक्ट्रीसियनबाट भएको हुनु पर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।